जि.प्र.का. दर्ता नं. ३१/०६७/०६८
जि.हु.का. दर्ता नं. ०१/०६१/०६२

# इलाम एक्सप्रेस

वर्ष–१६, अङ्क –२०० २०८३ साल साउन २ गते शनिबार (Saturday 18 JUL . 2025) (पृष्ठ ४) मूल्य . – ४

कोरोना विरुद्धको खोपको पर्खाईमा रहेका नागरिकलाई खोप केन्द्रसम्म पुऱ्याउन सहयोग गरौं । खोप केन्द्रमा भीडभाड नगरौं ।

खोप लगाऔ, कोरोनाबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गुन्द्रुकलाई 'ब्रान्ड'का रूपमा विकास गर्दै रोङ गाउँपालिका

*एक्सप्रेस संवाददाता*

***इलाम, साउन १*** : इलामको रोङ गाउँपालिकाले रैथाने परिकार गुन्द्रुकलाई 'ब्रान्ड'का रूपमा विकास गर्ने अभियानमा महत्वपूर्ण सफलता हासिल गरेको छ। लामो प्रयासपछि गुन्द्रुकको राष्ट्रिय गुणस्तर मापदण्ड स्वीकृत भएसँगै अब यसलाई व्यवस्थित र व्यावसायिक रूपमा उत्पादन गर्ने बाटो खुलेको हो । यसअघि गाउँपालिकाले गुन्द्रुक ब्रान्डिङका लागि अनुमति लिन खोज्दा स्पष्ट मापदण्ड नै नभएको अवस्था थियो । त्यसपछि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग सँग समन्वय गरी गुणस्तर मापदण्ड निर्माण प्रक्रिया अघि बढाइएको थियो । प्रारम्भिक अध्ययन अन्तर्गत कच्चा पदार्थको गुणस्तर, उत्पादन प्रक्रिया, रासायनिक तथा सूक्ष्मजीव सीमा, प्याकेजिङ र लेबलिङलगायत विषयमा स्थलगत अवलोकन समेत गरिएको थियो। अन्ततः उक्त पहल सफल भएसँगै नेपालमै गुन्द्रुकका लागि औपचारिक मापदण्ड स्थापित भएको छ।




तीन वर्षअघिदेखि सुरु गरिएको यस अभियान अन्तर्गत रोङ गाउँपालिकामा अहिले व्यावसायिक रूपमा गुन्द्रुक उत्पादन भइरहेको छ । गाउँपालिकाका अध्यक्ष मनिकुमार (सुबास) स्याङ्बोका अनुसार स्थानीय किसानले उत्पादन गरेको मुला र रायोको साग प्रयोग गरी गुन्द्रुक तयार पारिन्छ । यसलाई 'ब्रान्डिङ' गरेर बजारमा लैजान समेत थालिएको छ । गाउँपालिकाको पहलमा गुन्द्रुक उत्पादनका लागि कारखाना सञ्चालनमा ल्याइएको छ। जहाँ प्रशोधनका लागि कामदारसमेत राखिएका छन् । उत्पादन प्रक्रियामा सरसफाइलाई विशेष ध्यान दिइएको छ ।

# भारत इङ्गल्याण्डसंग पराजित

*एक्सप्रेस संवाददाता*

***इलाम साउन १*** : जो रुटको अविजित ९९ रनको उत्कृष्ट इनिङ्सको मद्दतमा इंग्ल्यान्डले भारतलाई दोस्रो एकदिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) मा ४ विकेटले पराजित गर्दै ३ खेलको सिरिजमा १-१ को बराबरी गरेको छ ।

सोफिया गार्डेन्समा भारतले दिएको २ सय ३४ रनको लक्ष्य इंग्ल्यान्डले ४४.१ ओभरमा ६ विकेट गुमाएर पूरा गर्यो रुट शतकबाट मात्र एक रनले चुके पनि उनले अन्तिमसम्म क्रिजमा रहँदै टोलीलाई जित दिलाए।

गस एट्किन्सन २३ रनमा अविजित रहे। इंग्ल्यान्डको सुरुवात खराब रह्यो। बेन डकेट पहिलो बलमै आउट भए भने जेकब बेथेल ४ रन जोडे। कप्तान ह्यारी ब्रुक पनि १६ रन बनाएर आउट हुँदा इंग्ल्यान्ड ५३-३ को कठिन अवस्थामा पुगेको थियो। तर अनुभवी रुटले संयमित ब्याटिङ गर्दै टोलीलाई सम्हाले। उनले साम करन (२६), विल ज्याक्स (३०) र अन्त्यमा एटिक्न्सनसँग महत्वपूर्ण साझेदारी गर्दै इंग्ल्यान्डलाई जिततर्फ डोर्याए।

रुटले ७६ बलमा अर्धशतक पूरा गरेका थिए। यो उनको लगातार पाँचौं ५० भन्दा बढी रनको इनिङ्स हो। भारतका लागि गुर्नूर ब्रारले २ विकेट लिए पनि रुटको उत्कृष्ट इनिङ्स रोक्न सकेनन्। त्यसअघि घरेलु टोलीले टस जितेर फिल्डिङ रोजेको थियो। पहिला ब्याटिङ गरेको भारत ४४ ओभरमा २ सय ३३ रनमा समेटिएको थियो।

भारतका लागि श्रेयस अय्यरले ६६ तथा विराट कोहलीले ६५ रन बनाए। यी दुईबाहेक अन्य ब्याटरले उल्लेखनीय रन जोड्न सकेनन् ।

## गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु–शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जिल्ला प्रहरी कार्यालय इलामको अनुरोध

dpoilam@nepalpolice.gov.np Dpo Ilam

तपाईले चाहे एकदिन !

के.........?
लागु औषध बिक्री वितरण र ओसार पसार नियन्त्रण ! !

कसरी......?
जजसको टोल, छरछिमेक घरमा लागु औषध प्रयोग कर्ता छन सोको जानकारी दिने । । ।

कसलाई......?
नजिकको प्रहरी कार्यालय
१००/९८५२६९००३०/९८५२६८०७१०
वा जिल्ला प्रहरी कार्यालयमा स्वयम उपस्थित भई । । ।
तपाई दिएको जानकारी अनुसार लागु औषध सेवन कर्ताहरुको जिल्ला भरीको लगत उतार गरी उपयुक्त स्थानमा सचेतनामुलक कार्यक्रम संचालन गरी दुर्व्यसनी रहित समाज निर्माण गर्ने छौ ।

"हाम्रो चाहना दुर्व्यसन रहित स्वास्थ र सुखी जिवनको कामना हाम्रो चाहाना लागु पदार्थ रहित समाज सृजना"
"Yes To Life, No to Drugs"

## सार्वजनिक सन्देशः

- स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरौँ।
- उद्योग सिर्जना गरी आत्मनिर्भर बनौँ।
- विभिन्न उद्योग, व्यवसाय सञ्चालन तथा स्थापना सम्बन्धमा विभिन्न सेवा र परामर्शका लागि यस कार्यालयमा सम्पर्क गरी सेवा प्राप्त गर्नुहोला।

अनुरोधक :-
घरेलु तथा सानो उद्योग कार्यालय, इलाम
फोन : ०२७-५२३०२३

## हुलाक कार्यालय अब छिटो छरितो सेवा

√ सेवाग्राहीले हुलाकबाट पठाउनुभएको हुलाक वस्तु बारे जानकारी लिनु परेमा www.gop.gov.np लग इन गर्नुहोस

√ इस कार्यालयबाट सञ्चालित हुलाक बचत बैंक नेपाल सरकारको निर्णय बमोजिम २०८०/०४/१९ गतेबाट राष्ट्रिय बाणिज्य बैंक इलाम शाखामा हस्तान्तरण भएकाले सम्पूर्ण हुलाक बचत बैंक इलाममा रहेका राष्ट्रिय बाणिज्य बैंक इलाम शाखामा गएर खाता अध्यावधिक गराई सेवा लिन अनुरोध ।

√ जिल्ला भित्र तथा बाहिर चलान हुने पत्रपत्रिकाहरु हुलाक दर्ता नविकरण समेत गरिन्छ ।

√ बिज्ञापन बोर्डबाट प्राप्त लोक कल्याणकारी बिज्ञापनको प्रशारण तथा प्रकाशन गरे बापत तोकिएको रकम रेडियो एफएम तथा पत्र पत्रिकाहरुलाई भुक्तानी समेत यस कार्यालयले गर्दछ ।

√ सरकारी कार्यालय भएकोले हुलाक वस्तु आदानप्रदान गर्न हामिलाई सम्झनुहोस्, हामि सदैव बिश्वासिलो सेवा प्रदान र्न यहाँहरुको सेवामा हाजिर छौं । धन्यबाद

## "वनस्पतिको अनुसन्धान र नवप्रवर्तन, राष्ट्रको उन्नयन"

वन वनस्पतिको संरक्षण गरौं
जडिबुट्टि खेतीलाई प्रवर्द्धन गरौं

हाम्रो इलामको माथिल्लो भू–भागहरुमा प्रसस्तै जडिबुट्टि खेति भइरहेकाको र प्रसस्तै संभावन रहेकोले जडिबुट्टि खेतीको प्रवर्द्धन तथा विस्तार गरौ ।



डम्बर बहादुर कार्की
वरिष्ठ वैज्ञानिक अधिकृत
वनस्पति अनुसन्धान केन्द्र, इलाम

## नसर्ने रोगबारे जानकारी

- क्यान्सर, मुटु रोग, मधुमेह, दिर्घ श्वास प्रश्वास जस्ता नसर्ने रोगहरु लाग्नबाट बच्ने निम्न उपायहरु अपनाऔ र दीर्घजीवन यापन गरौं ।
- चुरोट, बिडी, खैनी, गुटखा तथा सुर्तिजन्य पदार्थ सेवन नगरौं । जाँड रक्सी वाइन बियर आदि सेवन नगरो । दैनिक कम्तीमा आधा घण्टा पसिना आउने गरिहिड्ने व्ययम खेलकुद तथा काम गर्ने गरौं । शरीरको तौल बढीभए घटाऔं । अन्न, दाल, गेडागुडी, दुध, माछा, बोसो,नभएको मासु, अण्डा, हरियो सागपात, फलफूल सन्तुलित रुपमा खानेगरो । नुन दैनिक ५ ग्राम भन्दा कम खाने गरो । मानसिक तनाब कम गरौं । चिल्लो र बोसो युक्त खाद्य पदार्थ कम खाने गरौं ।
- नियमित रुपमा स्वास्थ्य परीक्षण गराऔ ।
- कुनै शरीरिक समस्या भए चिकित्सक तथा स्वास्थ्यकर्मीको सल्लाह अनुसार समुचित औषधीको प्रयोग गरौं ।

स्वास्थ्य कार्यालय, इलाम

## सम्पादकीय

# पारदर्शी हुनु अपरिहार्य छ

इलाम कारागारभित्रबाट ४९ लाख ५२ हजार रुपैयाँ नगद बरामद हुनु सामान्य घटना होइन। सुधार गृहका रूपमा रहेको कारागारभित्र यति ठूलो परिमाणमा स्रोत नखुलेको रकम भेटिनुले कारागार व्यवस्थापन, सुरक्षा संयन्त्र र निगरानी प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ। यस घटनाले कारागारभित्र अवैध आर्थिक गतिविधि चलिरहेको त होइन भन्ने आशंका पनि जन्माएको छ। जिल्ला सुरक्षा समितिले बरामद रकम धरौटी खातामा जम्मा गर्दै सम्बन्धित व्यक्तिलाई स्रोत पुष्टि गर्ने अवसर दिनु कानुनी प्रक्रिया अनुसारको कदम हो। यदि रकमको वैध स्रोत प्रमाणित हुन्छ भने फिर्ता गरिनु स्वाभाविक हो। तर स्रोत पुष्टि हुन नसके कानुनअनुसार कडा कारबाही हुनु आवश्यक छ। यस प्रक्रियामा कुनै पनि प्रकारको प्रभाव, दबाब वा पक्षपात हुनु हुँदैन। यस घटनाको केन्द्रमा रकम मात्र होइन, कारागारभित्र यस्तो रकम कसरी पुग्यो, कसले प्रवेश गरायो, कसरी सुरक्षित राखियो र यसमा अरू कसको संलग्नता छ भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छन्। यदि अनुसन्धान सतही रूपमा सीमित भयो भने यस्ता घटना दोहोरिने सम्भावना रहन्छ।

यो घटनालाई एउटा व्यक्तिको कमजोरीका रूपमा मात्र होइन, कारागार प्रशासनको समग्र प्रणाली सुधार गर्ने अवसरका रूपमा पनि लिनुपर्छ। कारागारभित्र हुने आर्थिक कारोबार, भेटघाट व्यवस्था, निगरानी प्रणाली र कर्मचारीको उत्तरदायित्वलाई थप पारदर्शी र प्रभावकारी बनाउनु आजको आवश्यकता हो। सत्यतथ्य बाहिर ल्याउने निष्पक्ष अनुसन्धान, दोषीमाथि कानुनी कारबाही र कारागार व्यवस्थापनमा सुधारका ठोस कदम नै यस घटनाप्रति राज्यको सही जवाफ हुनेछ। जनविश्वास कायम राख्न पनि अब अनुसन्धान परिणाममुखी र पारदर्शी हुनु अपरिहार्य छ।

# नयाँ युगको कृषि नीति

*मुक्तिनाथ झा*

नेपालको हालको खाद्य सुरक्षा स्थिति केही सुधार देखिए पनि अवस्था अझै चिन्ताजनक छ । २०२५ सालको वैश्विक भोक सूचकाङ्कमा नेपाल १२३ देशमध्ये ७२ औं स्थानमा रहँदै १४.८ अङ्कसहित 'मध्यम' स्तरको भोकमरीमा वर्गीकृत छ । करिब १३ प्रतिशत जनसङ्ख्या अझै मध्यमदेखि गम्भीर खाद्य असुरक्षामा छन् । जसमध्ये कर्णाली प्रदेश ३२ प्रतिशतसहित सबैभन्दा बढी प्रभावित छ । अझै पनि चारमध्ये एक बच्चा स्टन्टिङबाट पीडित छन् र स्टन्टिङ दर गत वर्षको तुलनामा १.२ प्रतिशतले बढेको छ, साथै ५.२ प्रतिशत जनसङ्ख्यामा पर्याप्त क्यालोरीको कमी छ। नेपालको संविधानले खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्म 'शून्य भोकमरी' को लक्ष्य राखेको सन्दर्भमा नयाँ कृषि नीतिले प्रत्येक स्थानीय तहमा खाद्य भण्डार, आपत्कालीन खाद्य परिचालन एकाइ र पोषण कार्यक्रमलाई एकीकृत रूपमा समावेश गर्नु पर्छ। क्षेत्रगत खाद्य असुरक्षाको वास्तविक समय तथ्याङ्क सङ्कलन र प्रतिकार्यको व्यवस्था नीतिले गर्नु पर्छ । कर्णाली र सुदूरपश्चिम जस्ता खाद्य न्यून क्षेत्रमा विशेष लक्षित कार्यक्रम नीतिको अभिन्न अङ्ग बन्नु पर्छ

### व्यापार घाटामा सुधार

कृषि व्यापार घाटा पछिल्ला वर्षमा तीव्र गतिमा बढ्दो छ। कृषिजन्य वस्तुको आयात लगभग चार खर्ब पुगेको छ। निर्यात यसको एक चौथाइ मात्र छ । चामल, दाल, तरकारी, फलफूल, खाद्य तेललगायत आधारभूत खाद्यान्नसमेत आयात गरिँदै छ, जुन देशको आत्मनिर्भरताको दृष्टिले अत्यन्त चिन्ताजनक अवस्था हो । कृषि विकाश रणनीतिले कृषि निर्यात प्रवर्धन र आयात प्रतिस्थापनलाई मुख्य रणनीतिका रूपमा राखेको छ। नयाँ कृषि नीतिले तुलनात्मक लाभ भएका तथा नेपाल व्यापार एकीकृत रणनीति, २०८० ले निर्देश गरेका कृषि वस्तुहरू जस्तै अदुवा, अलैंची, चिया, कफी, जडीबुटी, अर्गानिक उत्पादन, याक तथा च्याङ्ग्राजन्य उत्पादनको उत्पादन, प्रशोधन र निर्यात प्रवर्धनका लागि ठोस कार्यनीति समावेश गर्नु पर्छ। भौगोलिक सङ्केतीकरण, रैथाने बालीको प्रवर्धन, अर्गानिक प्रमाणीकरण र ब्रान्डिङलाई तीव्रता दिनु आवश्यक छ । नेपाल सन् २०२६ नोभेम्बर २४ मा अतिकम विकसित मुलुक ( एलडिसी) बाट स्तरोन्नति हुने चरणमा छ । एलडिसी स्तरोन्नतिपछि अहिले पाएरहेको सुविधा गुमिने सम्भावनालाई दृष्टिगत गर्दै अन्तर्राष्ट्रिय व्यापार सन्धिमा राष्ट्रिय क्षमता विकासको व्यवस्था नीतिमा अनिवार्य रूपमा राखिनु पर्छ। रासायनिक मलखादको माग र आपूर्तिबिचको खाडल छ । मलखाद अभावका कारण उत्पादकत्वमा हुने ह्रासले किसान पीडित छन्। रासायनिक मलखादको असन्तुलित प्रयोगले माटोको स्वास्थ्य बिग्रिएको छ। नयाँ कृषि नीतिले रासायनिक मलखादको आपूर्ति सुनिश्चितसँगै जैविक तथा प्राङ्गारिक मलखादको उत्पादन र प्रयोगलाई प्राथमिकता दिनु पर्छ । माटो स्वास्थ्य कार्ड प्रणाली, माटो परीक्षण प्रयोगशालाको विकास र माटोमा प्राङ्गारिक पदार्थको मात्रा बढाउने एकीकृत माटो पोषण व्यवस्थापन नीतिमा समावेश हुनु पर्छ। रासायनिक मलखादमाथिको निर्भरता क्रमशः घटाउँदै जैविक खेतीतर्फ रूपान्तरण गर्ने दीर्घकालीन कार्यनीति नीतिमा स्पष्ट उल्लेख हुनु पर्छ ।

### जलवायुमैत्री कृषि

नेपाल जलवायु परिवर्तनबाट सर्वाधिक प्रभावित हुने देशमध्येको एक हो। जलवायु परिवर्तनले कुल गार्हस्थ उत्पादनमा १.५-२ प्रतिशतसम्म असर पुऱ्याएको छ । विश्वव्यापी रूपमा देखिएको जलवायु परिवर्तनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सबै क्षेत्रलाई प्रभावित गरेको छ। विश्वको कूल हरितगृह ग्यास उत्सर्जनमा नगण्य भूमिका भए पनि जलवायु परिवर्तनका कारण प्रतिकूल असरको जोखिम उच्च रहेका राष्ट्रमध्ये एक हौं । बहुप्रकोपीय जोखिमको हिसाबले २० औं, जलवायु परिवर्तनको हिसाबले पाँचौं, बाढीपहिरोको हिसाबले ३० औं तथा भूकम्पीय जोखिमको हिसाबले पाँचौं स्थानमा हामी छौं । पछिल्लो दशकमा वर्षा, सुक्खा खडेरी, बाढी, असिना पानी र तुसारोपातका घटना वार्षिक रूपमा बढेका छन्। वैज्ञानिक अध्ययनले देखाए अनुसार हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन्, जसले दीर्घकालीन जलस्रोतको उपलब्धतामा गम्भीर असर पार्ने छ । कृषिक्षेत्र जलवायु परिवर्तनको हिसाबले जोखिमपूर्ण भएको सन्दर्भमा नयाँ कृषि नीतिले जलवायु स्मार्ट कृषि, खडेरी र बाढी प्रतिरोधी बालीका जातको विकास र प्रसार, पूर्वसूचना प्रणाली, कृषि बिमाको दायरा विस्तार र जलवायु वित्तका स्रोत परिचालनको ठोस प्रावधान गर्नु पर्छ ।

### युवा पलायन र यान्त्रिकीकरण

नेपालमा वैदेशिक रोजगारीको बढ्दो प्रवृत्तिले कृषिक्षेत्रमा श्रम अभाव तीव्र बनेको छ। श्रम सर्वेक्षण अनुसार प्रत्येक वर्ष चार लाखभन्दा बढी युवा वैदेशिक रोजगारीमा जाने गरेका छन् । यसको प्रत्यक्ष प्रभाव कृषिमा पर्दा खेतीयोग्य जमिन बाँझो रहने क्रम तीव्र भएको छ । मध्यपहाडी र हिमाली क्षेत्रमा अनुत्पादक बाँझो जमिनको क्षेत्रफल पनि क्रमिक रूपमा बढ्दै गएका रिपोर्ट छन् । यस समस्याको समाधानका लागि नयाँ कृषि नीतिले कृषि यान्त्रिकीकरणलाई विशेष प्राथमिकता दिनु पर्छ। पहाडी भूगोलमा उपयुक्त साना तथा मझौला यन्त्र उपकरणको विकास र सुलभ उपलब्धता, कस्टम हायरिङ सेन्टरको विस्तार र मेसिनरीमा अनुदान नीति समावेश हुनु पर्छ। कृषि उद्यमशीलतालाई आकर्षक बनाउन इन्कुबेसन केन्द्र, स्टार्टअप सहयोग र युवा किसानका लागि विशेष ऋण सुविधाको व्यवस्था नीतिको अभिन्न अङ्ग बन्नु पर्छ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सिप र पुँजीलाई कृषि उद्यममा आकर्षित गर्ने विशेष कार्यक्रम पनि नीतिले सम्बोधन गर्नु पर्छ । नेपालमा कृषि अनुसन्धान, कृषि प्रसारसेवा र कृषि शिक्षाबिचको समन्वय अत्यन्त कमजोर छ । नेपाल कृषि अनुसन्धान परिषद्ले विकास गरेका प्रविधि कृषकसम्म पुग्न बर्सौं लाग्ने गर्छ । अनुसन्धान केन्द्र र कृषि ज्ञान केन्द्रबिचको सम्पर्क कमजोर छ, विश्वविद्यालयमा पढाइने पाठ्यक्रम समयको वास्तविकतासँग तालमेल राख्न नसकेको अवस्था छ । कृषि विश्वविद्यालय र नेपाल कृषि अनुसन्धान परिषद्बिच संरचनागत सम्बन्ध अझै प्रभावकारी बनेको छैन । नयाँ कृषि नीतिले यस त्रिपक्षीय सम्बन्धलाई संरचनागत रूपमा अनिवार्य गर्नु पर्छ। अनुसन्धान प्राथमिकता निर्धारणमा कृषकको सक्रिय सहभागिता, प्रविधि हस्तान्तरणको स्पष्ट समयसीमा, विश्वविद्यालयमा प्रयोगात्मक र उद्यममुखी कृषि शिक्षाको विकास र कृषि प्रसार जनशक्तिको क्षमता अभिवृद्धिका लागि निरन्तर तालिम कार्यक्रमको व्यवस्था नीतिमा उल्लेख हुनु पर्छ ।

*साभार: गोरखापत्र*


**प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान**
**कर तिरौ संमृद्ध इलाम बनाउने अभियानमा सबै जुटौँ**
**इलाम नगरपालिका, इलाम**

**इलाम नगरपालिका**
**वडा नम्बर १ बासिमा अनुरोध**
१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौँ ।
२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसकराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।
४. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं।
**इलाम नगरपालिका**
**वडा नम्बर १, इलाम**

**इलाम नगरपालिका**
**वडा नम्बर ७ बासिमा अनुरोध**
१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं।
२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।
४. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं।
**इलाम नगरपालिका**
**वडा नम्बर ७, इलाम**

*प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान कर तिरौ संमृद्ध इलाम बनाउने अभियानमा सबै जुटौँ*

## इलाम नगरपालिका, इलाम

### इलाम नगरपालिका वडा नम्बर २ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौँ ।
२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसकराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।
४. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं।

**इलाम नगरपालिका वडा नम्बर २, इलाम**

### इलाम नगरपालिका वडा नम्बर ३ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौँ ।
२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसकराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।
४. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं।

**इलाम नगरपालिका वडा नम्बर ३, इलाम**

### इलाम नगरपालिका वडा नम्बर ४ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौँ ।
२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसकराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।
४. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं।

**इलाम नगरपालिका वडा नम्बर ४, इलाम**

### इलाम नगरपालिका वडा नम्बर ६ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौँ ।
२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसकराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।
४. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं।

**इलाम नगरपालिका वडा नम्बर ६, इलाम**

### इलाम नगरपालिका वडा नम्बर ८ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौँ ।
२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसकराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।
४. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं।

**इलाम नगरपालिका वडा नम्बर ८, इलाम**

### इलाम नगरपालिका वडा नम्बर ९ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौँ ।
२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसकराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।
४. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं।

**इलाम नगरपालिका वडा नम्बर ९, इलाम**

### रोङ गाउँपालिका बासिमा अनुरोध

**कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं**

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

**खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।**

**रोङ्ग गाउँपालिका, इलाम**

### चुलाचुली गाउँपालिका बासिमा अनुरोध

बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं

- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
- व्यापार व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।

**चुलाचुली गाउँपालिका, इलाम**

### माइजोगमाई गाउँपालिका बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध माईजोगमाई हाम्रो अभियान, कर तिरौ संमृद्ध माईजोगमाई बनाउने अभियानमा सबै जुटौँ ।
२. यस माईजोगमाइ गाउँपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, स्वच्छ र सफा सफा बनाऔं ।
४. एकिकृत सम्पत्तिकर राजस्व गाउँपालिकाको कार्यालयमा तिरी सभ्य नागरिकको परिचय दिऔं ।
५. सफा क्षेत्र सफा गाउँ कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

***माईजोगमाई गाउँपालिका इलाम***

### माङसेबुङ्ग गाउँपालिका बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध माङसेबुङ्गलाई हाम्रो अभियान, कर तिरौ संमृद्ध माङसेबुङ्ग बनाउने अभियानमा सबै जुटौँ ।
२. यस माङसेबुङ्ग गाउँपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।
३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, स्वच्छ र सफा सफा बनाऔं ।
४. एकिकृत सम्पत्तिकर राजस्व गाउँपालिकाको कार्यालयमा तिरी सभ्य नागरिकको परिचय दिऔं ।
५ . यस पालिकाको धार्मिक एवं प्राकृतिक पर्यटकीय क्षेत्रको प्रचार प्रसार मा जोड दिइं आन्तरीक र बाह्य पर्यटक भित्रयाउदै पर्यटन प्रबर्द्धनमा सघाउ पुरयाउँ ।

***माङसेबुङ्ग गाउँपालिका इलाम***

- जिल्ला प्रहरी कार्यालय इलामः- १००/५२०१००
- प्रहरी चौकी चोकबजारः- ५२०२११
- जिल्ला प्रशासन कार्यालय इलामः- ५२०५५५
- आकस्मीक रक्त संचारः-
  - सम्पर्क रतन चौधरीः- ९८५२६८००५८
- विद्युत प्राधिकरण इलामः- ५२००५४
- विद्युत मर्मत सेवाः- ५२००५५
- एम्बुलेन्स सेवाः-
  - इलाम अस्पतालः- ५२००४४
  - नेपाल रेडक्रस सोसाइटि इलामः- ५२०५२२
- दमकल सेवा (इनपा):- ५२००३०
- खानेपानी (इनपा):- ५२००३०
- संचार संस्थाहरु
- रेडियो नेपालवाणीः- ५२१६९९, ५२१५०७
- इलाम एफ.एमः- ५२०७६९, ५२१४८२
- रेडियो फिक्कलः- ५४०४७७
- सन्दकपुर दैनिकः- ५२१६२९
- इलाम एक्सप्रेस दैनिकः-५२१७९२,
- इलाम पोष्ट दैनिकः- ५२१७९०

## आन्तरिक आय संकलन सम्बन्धिठेक्का आव्हावानको सूचना
## दोश्रो पटक प्रकासित मिति : २०८३/०४/०२

यस सन्दकपुर गाउँपालिकाको आ.व. २०८३/०८४ को आन्तरिक आय संकलनका लागि तपशिल बमोजिमको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरु बाट देहाय बमोजिमको शर्तको अधिनमा रही ठेक्का आहवान गरिन्छ ।

१.दरभाउपत्र फारम सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ७ दिनभित्र निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्रदाताले यस कार्यालयबाट मिति २०८३/०४/०८गतेको दिन ११ बजे भित्र दरभाउपत्र कागजत खरिद गर्न सकिने छ ।

२.खरिद भएको दरभाउपत्र फारम सिलबन्दी गरी खाम बाहिर आफ्नो वा फर्मको नाम,ठेगाना,ठेक्का नं. र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०८३/०४/०८गतेको दिन १२ बजे भित्र दर्ता गरीसक्नु पर्नेछ ।

३.खरिद भएको बोलपत्र प्रथम पटक प्रकासित मितिले मिति २०८३/०४/०८गते दिनको २ बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४.दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ

५.उल्लेखित बोलपत्रहरु फर्मको नाममा खरिद गरिएको भए फर्म नविकरणको प्रमाणित प्रतिलिपि,स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको ब्यवसाय कर प्रमाण पत्रको नविकरण प्रतिलिपि,मूल्य अभिबृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

६.धरौटी वापतको रकम आफूले कबोल गरेको ठेक्का अङ्कको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस सन्दकपुर गाउँपालिका कार्यालयको नाममा रहेको श्री प्रभु बैंक लिमिटेड, सन्दकपुर शाखा देउरालीको खाता नम्बर १६४०११००१०००००४३ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

७.म्याद नाघि आएको रित नपुगेको वा सर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

८.दरभाउपत्रदाताबाट बोलपत्रमा उल्लेखित मुल्य अभिवृद्धि कर(VAT) बाहेकको दररेट उल्लेखित गर्नुपर्नेछ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ

९.यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१०.ठेक्का स्वीकृत भई किस्ताबन्धीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता सम्झौता गर्नुपूर्व र बाँकी किस्ताको रकम बरावरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टीवा कबोल अंक बराबरको नगद धरौटी वापत यस सन्दकपुर गाउँपालिका कार्यालयको नाममा रहेको श्री प्रभु बैंक लिमिटेड, सन्दकपुर शाखा देउरालीको खाता नम्बर १६४०११००१०००००४३ मा नगदै जम्मा गरेको सक्कल भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । समयमा कबोल अनुसारको किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टी वा धरौटी रकमबाट गाउँपालिकाले किस्ता रकम असुल उपर गर्नेछ ।

११.ठेकेदारले दरभाउपत्र फारमसाथ संलग्न दररेट अनुसार मात्र कर संकलन गर्नुपर्नेछ ।

१२.ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका कर ठेकेदार स्वयमले बुझाउनु पर्नेछ ।

१३.ठेक्का चलन ठेक्का सम्बन्धि कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ ।कानुनले निषेध गरेको कर तथा शुल्क असुल गर्न पाइने छैन ।

१४.आय ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद,कर्मचारीको व्यवस्था ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ ।रसिदमा अनिवार्य रुपमा यस सन्दकपुर गाउँपालिका कार्यालयको छाप लगाएर प्रयोग गर्नुपर्नेछ ।छाप नलगाई रसिद प्रयोग गरेको पाइएमा तथा तोकिएको दररेट भन्दा बाहिर कर शुल्क असुल गरेमा ठेकेदारलाई नियमानुसार कार्वाही गरिनेछ

१५.बोलपत्रदाता र गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।यस सूचनामा उल्लेखित नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।अन्य थप जानकारीको लागि यस सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

### तपशिल

| क्र.सं. | सूचना नम्बर | नाका/क्षेत्र | विवरण | न्युनतम ठेक्का रकम रु (मुल्य अभिवृद्धि कर बाहेक) | फारम दस्तुर | अवधि |
|---|---|---|---|---|---|---|
| १ | १०/२०८३/०८४ | सन्दकपुर- कालपोखरी क्षेत्र | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, सडक मर्मत सम्भार शुल्क | १६,२०,००० | रु. १५०० | १ वर्ष |
| २ | ११/२०८३/०८४ | माइपोखरी क्षेत्र, | पूर्वाधार सेवाको उपयोगमा लाग्ने | ३,६०,००० | रु. १००० | १ वर्ष |
| ३ | १२/२०८३/०८४ | कैयाकट्टा,सन्दकपुर ५ | दुर्लभ बन्यजन्तु अवलोकन दस्तुर | ३,६०,००० | रु. १००० | १ वर्ष |
| ४ | १३/२०८३/०८४ | टोड्के झरनासन्दकपुर २ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १८,००० | रु. १००० | १ वर्ष |
| ५ | १४/२०८३/०८४ | ढाप पोखरी, सन्दकपुर ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १८,००० | रु. १००० | १ वर्ष |
| ६ | १५/२०८३/०८४ | कभर्ड हाल, सन्दकपुर ३ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ३६,००० | रु. १००० | १ वर्ष |
| ७ | १६/२०८३/०८४ | चोयाटार वन क्षेत्र, सन्दकपुर ५ | दुर्लभ बन्यजन्तु अवलोकन दस्तुर | १,८०,००० | रु. १००० | १ वर्ष |
| ८ | १७/२०८३/०८४ | हाटबजार सहित निकासी कर | हाटबजार सहित र निकासी कर | १०,८०,००० | रु. १५०० | १ वर्ष |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश न.१ स्वास्थ्य निर्देशनालय
इलाम अस्पताल इलाम
इलाम अस्पताल इलामको महत्वपूर्ण सेवाहरु
इमरजेन्सी सेवा ▸ ओ.पि.डि ▸ प्रसुति/शल्यक्रिया कक्ष
▸ एआरटि सेन्टर ▸ एक्स-रे/भिडियो एक्स-रे
▸ अस्पताल क्यान्टिन ▸ ल्याव ▸ पोष्टमाटम
▸ फामेर्सी सेवा ▸ आँखा उपचार ▸ इन्डोर सेवा
▸ दन्त सेवा ▸ सि.एस.एस.डि ▸ टि.बि. क्लिनिक
लक्षित समूहहरुकालागि
गरिब ▸ असाहय ▸ अपाङ्गता भएका व्यक्ति ▸ जेष्ट नागरिक
▸ लैङ्गिक हिंसा पिडित (बालबालिका समेत)
▸ महिला स्वास्थ्य स्वयंसेविका (परिचय पत्र बाहेक)
लगायतका विभिन्न सेवाहरु इलाम अस्तालमा
सर्म्पक नम्बर ०२७-५२३०४४




### डिभिजन वन कार्यालय, इलामबाट

#### आ.व. २०८१।०८२ मा संचालित मुख्य मुख्य कार्यक्रमहरुको विवरण

- इलाम जिल्लाको इलाम न.पा., देउमाई न.पा., माई न.पा., चुलाचुली गा.पा. र फाकफोकथुम गा.पा.मा रहेको स्थायी नर्सरीहरुबाट विभिन्न प्रजातीको एक बर्षिय विरुवा २ लाख ५७ हजार ९६१ उत्पादन गरिएको ।
- इलाम जिल्लाको माई न.पा. र चुलाचुली गा.पा.मा रहेको स्थायी नर्सरीहरुबाट विभिन्न प्रजातीको बहुबर्षिय बर्षिय विरुवा २१ हजार ७५ उत्पादन गरिएको ।
- गुम्बाडाँडा महिला, दिपकमल र सृजना सामुदायिक वन उपभोक्ता समुह मार्फत विभिन्न प्रजातीको ५० हजार विरुवा उत्पादन गरिएको ।
- सन्दकपुर गा.पा. मा रहेको सन्दकपुर सब डिभिजन वन कार्यालय, देउराली इलाममा १ वटा स्थायी नर्सरी स्थापना गरिएको ।
- चुलाचुली गा.पा. मा रहेको चुलाचुली सब डिभिजन वन कार्यालय, बाहगोठे इलाममा १ वटा स्थायी नर्सरी स्थापना गरिएको ।
- माई न.पा. ५ स्थित बसन्त सा.व.उ.स. मा २ हेक्टर वन क्षेत्रमा बृक्षारोपण तथा सो को मुख्य नाकामा १०० मी. मेसजाली सहित तारवार गरिएको ।
- माई न.पा. ७ स्थित तमाखे सा.व.उ.स. मा 7.5 हेक्टर वन क्षेत्रमा बृक्षारोपण तथा सो को मुख्य नाकामा १०० मी. मेसजाली सहित तारवार गरिएको ।
- वन क्षेत्र पुनर्स्थापनाको लागि मेशवायर सहितको घेरावारा गरी पुवामाई सा.व.उ.स. इलाम न.पा. ३ पाटेनागी क्षेत्रमा १४.१ हेक्टर जग्गामा बृक्षारोपण गरिएको ।
- कार्ययोजनाको म्याद सकिएका विभिन्न २५ वटा सामुदायिक वन उपभोक्ता समुहहरुको कार्ययोजना नविकरण गरिएको ।
- दिपकमल सा.व.उ.स. सूर्योदय न.पा. २ र ४ इलाम र दहालटार सा.व.उ.स. माई न.पा. ५ इलाममा सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम संचालन गरिएको ।
- ५ वटा सामुदायिक वन उपभोक्ता समुहहरुमा संरक्षण पोखरी निर्माण गरिएको ।
- बनेलकुरी सा.व.उ.स. सन्दकपुर गा.पा. ४ र जुनतारा सा.व.उ.स. माई न.पा. ९ मा सामुदायिक वनमा उद्यमशिलता अभिबृद्धि कार्यक्रम संचालन गरिएको ।
- वन पैदावार हानि नोक्सानी तथा ओसारपसार सम्बन्धी २३ जना प्रतिवादीहरु पक्राउ गरी ३३ जना प्रतिवादीहरु उपर ११ वटा मुद्दा श्री इलाम जिल्ला अदालत इलाममा दायर गरिएको जसमा १ वटा ट्रक, १ वटा ट्याक्टर, २ वटा पिकअप, १ वटा मोटरसाईकल र साल तथा अन्यजातको २३२८.४८ क्यू.फि. काठ बरामद गरिएको ।
- जिल्ला वन पैदावार आपुर्ती समितिबाट २४ जना व्यक्तिहरुलाई घर निर्माण तथा घर मर्मतको लागि साल जातको १७४१.३८ क्यू.फि. काठ उपलव्ध गराईएको ।
- विभिन्न मितिमा मुद्दा तथा वेवारिसे अवस्थामा बरामद भएको साल तथा अन्यजातको ५९१८.४९८ क्यू.फि. काठ लिलाम विक्री गरी ७३ लाख ६0 हजार ३३० रुपैया राजश्व संकलन गरिएको ।

जय नेपाल सञ्चार सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित इलाम एक्सप्रेस राष्ट्रिय दैनिकका लागि अध्यक्षः तोयानाथ भट्टराई, प्रधान सम्पादकः सोमनाथ सुसेली, सम्पादकः प्रदीप घिमिरे, प्रमुख समाचारदाता : गणेश घिमिरे, संवाददाताः मुना बस्नेत,प्रोसेसिङः– बालकृष्ण बस्नेत कार्यालयः इ.न.पा.–७ ( नेपालवाणी एफ.एम.को माथिल्लो तला), इमेलः ilamexpress@gmail.com फोनः ०२७–५२१७९२,९८४२६२७०४७ मुद्रणः मनकामना (अफसेट) प्रिन्टिङ्ग प्रेस, इलाम